# नव वर्ष २०८० को हार्दिक मंगलमय शुभकामना

सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

Social Protection Civil Society Network (SPCSN)

बागमती प्रदेश, काठमाडौँ, नेपाल

www.spcsnnepal.org

spcsnnepal@gmail.com

https://www.facebook.com/spcsnnepal



"आर्थिक न्यायको आधारशिला,
बालबालिकामा लगानीको सुनिश्चितता"

नेपाल सरकारले आ.ब.२०६६/६७ बाट साबिक कर्णालीका ५ जिल्लाका सबै र देश भरका दलित परिवारका ५ वर्षभन्दा मुनिका बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउँनको लागी प्रती बालबालिका मासिक रु २०० बाल पोषण भत्ता बितरण गर्न सुरु गरेको थियो तत्पश्चात आ.व. २०७५/७६ देखि नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम थप २५ वटा जिल्लाहरू मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, जाजरकोट, अछाम, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, डोटी, बझाङ, बाजुरा, रसुवा, धनुषा, सप्तरी, बारा, दैलेख, रुकुम पश्चिम, रुकुम पूर्व, सल्यान, कपिलवस्तु, रोल्पा र बैतडीका, ५ वर्ष भन्दा मुनिका, एक आमाबाट जन्मिएका बढिमा दुई बालबालिकालाई भत्ता बापत प्रति महिना रू.५३२ प्रदान गर्दै आएको छ ।

## विध्यमान बाल पोषण भत्ता बितरणबाट प्राप्त प्रमुख उपलब्धिहरु :

- ११ लाख भन्दा बढी बालबालिकालाई बालपोषण भत्ता उपलब्ध भइ बाल पोषणको अवस्थामा सुधार आएको। करिब ७५ प्रतिशत पाँच वर्षभन्दा मुनिका बालबालिकाको जन्म दर्ता भइ पहिचान सहितको बाल अधिकार स्थापनामा सघाउ पुगेको ।
- बालमुत्यु दर घटेको । (सन्–२००१ मा १००० जन्ममा, मृत्यु दर ९१ रहेकोमा, २०२२ सम्म आइपुग्दा प्रति हजार जन्ममा ३३ मा झरेको) श्रोत : नेपालमा जनसाङ्खिक स्वास्थ्य सर्वेक्षण २०२२

## बाल पोषण भत्तालाई देशव्यापी विस्तार गर्न किन जरुरी छ ?

- नेपाल सरकारले नेपालको संबिधान, बाल अधिकार सम्बन्धी ऐन, पन्ध्रौ आबधिक योजना र अन्तराष्ट्रिय रुपमा गरेका प्रतिबद्धताहरु हासिल गर्न ।
- सन २०२५ सम्ममा शून्य बालकुपोषणको राष्ट्रिय लक्ष्य हासिल गर्न ।
- ५ बर्षभन्दा मुनिका बालबालिकाको जन्म दर्ता भई पहिचान सहितको बाल अधिकार सुनिश्चित गर्न ।
- अन्तरपुस्ता गरिवी हस्तान्तरणको क्रमलाई रोकी दिर्घकालीन रुपमा जनसांङ्खिक पुँजी निर्माणमा सघाउ पुर्‍याउन।
- दिगो विकासका १७ वटा मध्ये १२ वटा लक्ष्यहरू पोषणसँग सम्बन्धित भएकाले उक्त लक्ष्यहरु हासिल गर्न ।
- बालबालिकाको ९० प्रतीशत भन्दा बढि बौद्धिक बिकास ५ वर्ष भन्दा मुनिनै भईसक्ने भएकोले बालबालिकामा अधिकतम लगानी गर्न ।

तसर्थ, आगामी आर्थिक वर्ष २०८०/८१ को नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा रहेकोले सो बजेट तथा कार्यक्रममा बालपोषण भत्ताको क्षेत्र र रकम वृद्धिका लागि आवश्यक पहल गर्नका निमित्त यस सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल हार्दिक अनुरोध गर्दछौं ।